धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित

# माबिलुङ्ग इनर्जी लिमिटेड

# Mabilung Energy Limited

MABILUNG ENERGY LTD.

**माथिल्लो पिलुवाखोला-३ जलविद्युत आयोजना (४.९५मे.वा.)**

रजिष्ट्रार कार्यालय : ललितपुर-१०, नेपाल, फोन नं :०१-५४२९१७६,
इमेलः mabilung@gmail.com वेवसाइटः www.mabilung.com

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

माबिलुङ्ग इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.३८,५८,२४,०००/- को ४८.९९९८% अर्थात रु.१८,९०,५३,०००/- रकम बराबरको रु.१००/- अंकित दरका १८,९०,५३० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरिनेछ। जसमध्ये स्वीकृत विवरण मार्फत जारी पूँजीको १०% अर्थात रु.३,८५,८२,४००/- रकम बराबरको रु.१००/- अंकित दरका ३,८५,८२४ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) क्षेत्र अर्थात संखुवासभा जिल्लाको मादि नगरपालिका वडा नं. ५, ६, ७, ८, ९ र चैनपुर नगरपालिका वडा नं. २, ३, ७, ८, ९ मा स्थायी बसोवास गर्ने नेपाली नागरिकहरुको निमित्त तपसिल बमोजिम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिएको छ। साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात् बाँकी सर्वसाधारणलाई रु.१५,०४,७०,७००/- रकम बराबरको रु.१००/- अंकित दरका १५,०४,७०६ कित्ता शेयर मध्ये १,५०,४७१ कित्ता (१० प्रतिशत) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि मिति २०८२ असार २२ गतेदेखि २०८२ श्रावण ०४ गतेसम्म बिक्री खुल्ला गरिएकोमा सो अवधिभित्र रितपूर्वक आवेदन दिनु हुने आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु मध्ये ३८,५८२ जना आवेदकहरुलाई ३,८५,८२४ कित्ता र नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुबाट रितपुर्वक प्राप्त शेयर खरीद आवेदनहरु मध्ये १५,०४७ जना आवेदकहरुलाई १,५०,४७१ कित्ता शेयर बाँडफाँड सम्बन्धी प्रचलित कानून बमोजिम मिति २०८२/०४/१८ गते आइतबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गर्दछौं।

साथै आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको शेयर बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटः www.lscapital.com.np बाट मात्र हेर्न सकिनेछ भने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुको शेयर बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटः www.lscapital.com.np वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको वेभसाइट: www.iporesult.cdsc.com.np बाट पनि हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरिएको हकमा संकलन केन्द्रहरुबाट दरखास्त फाराम बुझाएका लगानीकर्ताहरुको बाँडफाँडमा आंशिक/नपरेका शेयर वापतको रकम यही मिति २०८२ श्रावण २२ गते बिहीबारदेखि सम्बन्धित आवेदकहरुले आफूले दरखास्त फाराममा उल्लेख गरेको बैंक खातामा रकमान्तर गरिने व्यवस्था मिलाइएको हुँदा उक्त मिति पश्चात् आफ्नो खातामा रकम जम्मा भए नभएको एकिन गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं। साथै, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिनुहुने आवेदकहरुको हकमा बाँडफाँडमा नपरेको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत रोक्का रहेको रकम फुकुवा हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

L S CAPITAL

लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड

A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त
(लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सन्राइज क्यापिटल लिमिटेड एक आपसमा गाभिएको)

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन : ०१-५९७००६४/४५२८६८८
Email : info@lscapital.com.np
URL: www.lscapital.com.np